सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

काँक्रेबिहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

प्रतिनिधिसभा निर्वाचन-२०८२



८ दिन बाँकी

❐ वर्ष : २५ ❐ अंक : १३८ ❐ आइतवार, १७ फागुन, २०८२ ❐ Sunday, 1 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

नेपालीलाई उच्च सतर्कता अपनाउन आग्रह

❐ काँक्रेबिहार संवाददाता

काठमाडौं, १६ फागुन

मध्यपूर्वमा विकसित पछिल्लो घटनाक्रम र बढ्दो सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै इजरायलको तेल अविवस्थित नेपाली राजदूतावासले त्यहाँ रहेका सम्पूर्ण नेपाली नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। दूतावासले मध्यपूर्वको अवस्थालाई सूक्ष्म रूपमा नियालिरहेको जनाउँदै सुरक्षित रहन शनिबार एक एडभाइजरीमार्फत अपिल गरेको हो।

अपिलमा इजरायली सुरक्षा निकाय र 'होम फ्रन्ट कमान्ड'ले जारी गरेका सुरक्षा निर्देशनहरूको पूर्ण रूपमा पालना गर्न नेपालीहरूलाई अनुरोध गरेको छ।

नेपाली नागरिकहरूलाई सकेसम्म घरभित्रै सुरक्षित रहन, चनाखो बन्न र आफू रहेको स्थानमा अन्य नेपाली समुदायसँग निरन्तर सम्पर्कमा रहन सुझाइएको छ। साथै सम्भावित जोखिमलाई ध्यानमा राख्दै सुरक्षित स्थान वा तोकिएका बङ्कर (सेल्टर) को नजिकै रहन पनि दूतावासले आग्रह गरेको छ।

यसैगरी दूतावासले सम्बन्धित इजरायली निकायको पूर्वस्वीकृतिबिना कुनै पनि यात्रा नगर्न निर्देशन दिएको छ। परिस्थितिको सही जानकारी पाउनका लागि स्थानीय समाचार, आधिकारिक सूचना तथा आपतकालीन अलर्टहरूको निरन्तर निगरानी गर्न पनि सूचनामा उल्लेख गरिएको छ।

शनिबार इजरायल र अमेरिकाले संयुक्त रुपमा इरानमा हमला गरेपछि त्यसको असर मध्यपूर्वका विभिन्न देशमा पनि परेको छ।

इजरायल र इरानको यात्रा नगर्न नेपाल सरकारको आह्वान



❐ काँक्रेबिहार संवाददाता

काठमाडौं, १६ फागुन

नेपाल सरकारले अवस्था सामान्य नहुँदासम्म नेपाली नागरिकहरूलाई इजरायल र इरानको यात्रा नगर्न आह्वान गरेको छ।

परराष्ट्र मन्त्रालयले शनिबार एडभाइजरी जारी गर्दै दुवै देशको अवस्था सामान्य नहुँदासम्म नेपाली नागरिकलाई यात्रा स्थगित गर्न कडाइका साथ सुझाव दिएको हो।

'इजरायल वा इरान यात्रा गर्ने योजना बनाएका नेपाली नागरिकहरूलाई दुवै देशको अवस्था सामान्य नहुँदासम्म आफ्नो यात्रा स्थगित गर्न कडाइका साथ सुझाव दिइन्छ,' एडभाइजरीमा भनिएको छ।

सरकारले मध्यपूर्व क्षेत्रमा विकसित हुँदै गएको अवस्थालाई नजिकबाट अनुगमन गरिरहेको भन्दै हाल इजरायल र इरानमा बसोबास गरिरहेका नेपाली नागरिकहरूलाई सावधानीका उपायहरू अपनाउन अनुरोध गरेको छ।

'इजरायल र इरानद्वारा जारी गरिएका सुरक्षा परामर्श तथा निर्देशनहरू कडाइका साथ पालना गर्नुहोस्,' परराष्ट्र मन्त्रालयले भनेको छ, 'सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस्, र आफू रहेको स्थानको नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस्।'

मन्त्रालयले इजरायल र इरानका सम्बन्धित निकायहरूको पूर्वअनुमतिबिना यात्रा नगर्न पनि भनेको छ।

कर्णालीमा निर्वाचन लक्षित सुरक्षा व्यवस्थामा कडाई

प्रहरी 'हाइ अलर्ट' देखि 'साइबर सेल' सक्रिय



> ***कर्णालीमा करिब १४ हजार ७१९ जना बढी प्रहरी जनशक्ति निर्वाचनमा खटिने प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ। कर्णालीको भूगोललगायत अन्य कारणले केही चुनौती भए पनि प्रहरीले मतदाता, उम्मेदवार, मतदान केन्द्र र मतदानस्थलको पूर्ण रूपमा सुरक्षा दिने प्रहरीले दाबी गरेको छ।***

❐ काँक्रेबिहार संवाददाता

सुर्खेत, १६ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि कर्णाली प्रदेशका १२ वटा निर्वाचन क्षेत्रबाट १३२ जना उम्मेदवारहरु चुनावी मैदानमा उत्रिएका छन्। उक्त निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नेपाल प्रहरीले सुरक्षा रणनीति तयार गरी आवश्यक जनशक्ति परिचालन गरिसकेको छ। कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार मतदान केन्द्रको संवेदनशीलता मूल्यांकन गरी सोही अनुसार सुरक्षाकर्मी खटाउने योजना छ। सीमावर्ती क्षेत्र तथा विगतमा विवाद देखिएका स्थानमा विशेष निगरानी बढाइएको प्रदेश प्रहरीले जनाएको छ। सुरक्षा निकायले मतदातालाई निर्भीक भई मतदान गर्न आग्रह पनि गरेका छन्।

कर्णालीमा करिब १४ हजार ७१९ जना बढी प्रहरी जनशक्ति निर्वाचनमा खटिने प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ। कर्णालीको भूगोललगायत अन्य कारणले केही चुनौती भए पनि प्रहरीले मतदाता, उम्मेदवार, मतदान केन्द्र र मतदानस्थलको पूर्ण रूपमा सुरक्षा दिने प्रहरीले दाबी गरेको छ।

निर्वाचनलाई 'भयरहित र शान्तिपूर्ण' बनाउन कर्णाली प्रदेश प्रहरीले आफ्नो कसरत तीव्र पारेको हो। निर्वाचनको मिति नजिकिएसँगै सुरक्षा तयारी र अनुगमनको नेतृत्व गर्दै कर्णाली प्रदेश प्रहरी प्रमुख (डीआईजी) जयराज सापकोटा आफैं मैदानमा उत्रिएका छन्। डीआईजी सापकोटाले सुर्खेतका विभिन्न प्रहरी इकाईहरू र निर्वाचन सुरक्षाका लागि तयार पारिएका रणनीतिक स्थानहरूको स्थलगत निरीक्षण गरेका हुन्। प्रहरी कार्यालयहरूको भौतिक अवस्था, जनशक्ति परिचालन र प्राविधिक तयारीको मसिनो गरी अनुगमन गरेको प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ। अनुगमनका क्रममा डीआईजी सापकोटाले निर्वाचनमा खटिने प्रहरी र निर्वाचन प्रहरी (म्यादी) लाई अनुशासन, निष्पक्षता र सजगता अपनाउन कडा निर्देशन दिएका छन्। निर्वाचनको माहौल उत्कर्षमा पुगेका बेला सुरक्षामा कुनै सम्झौता नगर्न डीआईजी सापकोटाले मातहतका कर्मचारीलाई सचेत समेत गराएका छन्। नागरिकको शान्ति सुरक्षा र अमनचयन कायम गर्नु प्रहरीको पहिलो दायित्व रहेको भन्दै निर्वाचन बिथोल्ने वा शान्ति सुरक्षामा खलल पुऱ्याउने कुनै पनि गतिविधिमाथि कडा निगरानी राख्न उनको निर्देशन छ।

प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी (एसएसपी) रामप्रकाश शाहका अनुसार मतदाताले पूर्ण रूपमा सुरक्षित महसुस गर्ने गरी नयाँ सुरक्षा रणनीति तय गरिएको छ। टोलीले विशेषगरी निर्वाचन स्थलको भौतिक सुरक्षा, मतपत्र र मतपेटिकाको सुरक्षा र मतदानका दिन अपनाइने विशेष सतर्कताका विषयमा फिल्डमै पुगेर आवश्यक निर्देशन दिएको छ।

सबै सुरक्षा निकायबीच प्रभावकारी समन्वय मिलाउन र सुरक्षा फौजलाई २४ सै घण्टा 'अलर्ट' रहन भनिएको छ। कर्णालीका दुर्गम र संवेदनशील मतदान केन्द्रहरूमा पनि विशेष टोली खटाइसकिएको प्रहरीले जनाएको छ। निर्वाचनका लागि सुर्खेतसँगै कर्णालीकीका १० वटै जिल्लामा सुरक्षाको तयारी अन्तिम चरणमा पुगेको छ।

यता जिल्ला प्रशासन कार्यालय सुर्खेतका अनुसार दुवै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण वातावरणमा मतदान गराउन सुरक्षा फौज र कर्मचारीहरूलाई मैदानमा उतारिसकिएको छ। प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायका अनुसार निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले आ-आफ्नो जिम्मेवारी सम्हालिसकेका छन्।

साइबर सेल सक्रिय

यस पटकको चुनावमा एउटा नयाँ प्रयोग गरिएको छ। जो सामाजिक सञ्जालमार्फत आचारसंहिता उल्लंघन गर्ने, भ्रम फैलाउने वा चरित्र हत्या गर्ने गतिविधि रोक्न प्रहरीको साइबर टिम र नेपाल टेलिकमका कर्मचारीले चौबीसै घण्टा निगरानी गरिरहेका छन्।

जिल्ला प्रशासन कार्यालय सुर्खेतका अनुसार हालसम्म जिल्लामा लिखित रूपमा आचारसंहिता उल्लंघनको उजुरी परेको छैन। मौखिक रूपमा आएका सामान्य गुनासाहरूलाई तत्कालै सम्बोधन गरिएको छ। सबै राजनीतिक दल र उम्मेदवारहरूले अहिले सौहार्दपूर्ण वातावरणमा आफ्ना कार्यक्रमहरू गरिरहेका छन्। तर सामाजिक सञ्जालमार्फत आचारसंहिता उल्लंघन गर्नेलाई नियमनमा ल्याउन हाल साइबर सेल सक्रिय रहेको छ।

कर्णालीमा ९४१ मतदानस्थल र एक हजार ४३७ मतदान केन्द्र रहेका छन्, भने प्रदेशभर मतदाता १० लाख ३७ हजार २५० जना छन्। प्रहरीले प्रदेशका १० जिल्लामा ३५१ मतदानस्थलका ४४१ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखेको छ। निर्वाचनलाई लक्षित गर्दै सुरक्षा निकायले जोखिम मूल्यांकन गरेपछि ती मतदान केन्द्रलाई अतिसंवेदनशील घोषणा गरिएको हो।

प्रदेश प्रहरी कार्यालयले प्रदेशका एक हजार ४३७ मतदान केन्द्रमध्ये ३०१ सामान्य र ६५१ संवेदनशील सूचीमा राखेको छ। सोही अनुसार जिल्ला स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन, जिल्ला प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना लगाएत सरोकारवाला निकायले मतदानस्थल अनुगमनलाई पनि तीव्र बनाएका छन्।

कर्णालीका कतिपय स्थानमा सडकको अवस्था राम्रो नहुँदा निर्वाचन गराउन र मतपेटिका ल्याउनेबेला हुनसक्ने समस्यालाई मध्यनजर गरी सोहीअनुसार तयारी पनि गरिएको छ। अतिसंवेदनशील केन्द्रहरूमा सुरक्षाको विशेष व्यवस्था गरिने प्रहरीले जनाएको छ। प्रदेशका हिमाली तथा दुर्गम जिल्लामा भौगोलिक कठिनाइ, विगतका निर्वाचनमा भएका विवाद, राजनीतिक प्रतिस्पर्धा र सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै मतदान केन्द्रको वर्गीकरण गरिएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। कर्णालीका विभिन्न जिल्लामा रहेका अन्य मतदान केन्द्रहरूलाई संवेदनशील र सामान्य श्रेणीमा पनि राखिएको छ। अतिसंवेदनशील केन्द्रमा सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा आवश्यक परे नेपाली सेनाको समेत परिचालन गरिएको छ।

भौगोलिक चुनौतिको सामना

प्रदेश निर्वाचन कार्यालय सुर्खेतका अनुसार कर्णालीमा भौगोलिक विकटताको चुनौतिक सामना गर्दै निर्वाचन लक्षित सबै कार्यक्रम अन्तिम चरण पुगेका छन्। मुगु, हुम्ला र डोल्पामा हेलिकप्टर मार्फत निर्वाचन सामाग्री ढुवानी गरिएका छन्।

यी जिल्लाका अधिकांश मतदान केन्द्रसम्म निर्वाचन सामाग्री ढुवानी गर्न र मतपेटिका ल्याउन समेत हेलिकप्टर प्रयोग गर्नुपर्ने बाध्यता छ। अन्य जिल्लाको तुलनामा विशेष गरी हुम्लाको लिमी क्षेत्र र उपल्लो डोल्पाका अधिकांश स्थानमा निर्वाचन व्यवस्थापनका लागि हेलिकप्टरकै भर पर्नुपर्ने बाध्यता छ। भौगोलिक विकटताका कारण अधिकांश मतदान केन्द्रका लागि हेलिकप्टरकै सहायता लिनुपर्ने बाध्यता रहेको हो।

निर्वाचनलाई लक्षित गर्दै मतदान सामग्री, सुरक्षाकर्मी तथा निर्वाचन कर्मचारी ओसारपोसार गर्न हेलिकप्टरकै भर पर्नुपर्ने स्थिती रहेको डोल्पाका जिल्ला निर्वाचन अधिकारी दिलकृष्ण श्रेष्ठले बताए। उनका अनुसार भौगोलिक विकटता र सडक सञ्जालको अभावका कारण माथिल्लो डोल्पाका २३ मतदान केन्द्रमा निर्वाचन व्यवस्थापनका लागि हेलिकप्टर प्रयोग गर्नैपर्ने बाध्यता छ।

उत्तरी क्षेत्रमा पर्ने माथिल्लो डोल्पाका शे-फोक्सुण्डो, छार्का ताङ्सोङ र डोल्पोबुद्धका बस्तीहरूमा सडक पहुँच नहुँदा पैदल यात्रा गर्नुपर्ने बाध्यता छ। पैदल हिँड्दा धेरै दिन लाग्ने भएकाले हेलिकप्टर नै प्रयोग गर्नुपर्ने अवस्था आएको हो।

मतदान सामग्री समयमै सुरक्षित रूपमा मतदान केन्द्रमा पुऱ्याउन र कर्मचारीको आवतजावत सहज बनाउन हेलिकप्टर प्रयोग गर्नुपर्ने अवस्था छ। केहि दिन लगाएर मान्छे विस्तारै पैदल आउजाउ गरे पनि मतपेटिका ओसारपोसार गर्न हेलिकप्टर प्रयोग गर्नुपर्ने भएको हो।

अवरुद्ध सडक खुलाउन तीव्र पहल



❐ काँक्रेबिहार संवाददाता

हुम्ला, १६ फागुन

गत माघ दोस्रो साता परेको भारी हिमपातका कारण अवरुद्ध बनेका हुम्लाका विभिन्न सडक खण्ड खुलाउन सम्बन्धित निकायले काम सुरु गरेका छन्।

विशेषगरी उत्तरी नाम्खा गाउँपालिका-५ को हिल्सा सडक खण्ड तथा वडा-६ अन्तर्गत पर्ने न्यालु सडकमा हिउँ हटाउने कार्य अघि बढाइएको छ।

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा मतदातालाई आवतजावतमा सहजता प्रदान गर्ने उद्देश्यले सडक खुलाउने काम तीव्र बनाइएको सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रकुमार चन्दले जानकारी दिए। हिमपातपछि सडकमा बाक्लो हिउँ जम्दा सर्वसाधारण र सवारी साधनको आवागमन पूर्णरूपमा प्रभावित भएको थियो। हिल्सा-सिमकोट सडक आयोजनाले हिल्सा सडक खण्डमा स्काभेटर परिचालन गरिसकेको चन्दले बताए।

त्यस्तै, वडा नम्बर ६ को लिमी गाउँ जोड्ने सडक खुलाउन नाम्खा गाउँपालिका र पूर्वाधार विकास कार्यालयले दुई वटा स्काभेटर परिचालन गरेका छन्। लिमीका वडाध्यक्ष पाल्जोर तामाङका अनुसार हिउँ पन्छाउने काम निरन्तर जारी छ।

२१ मतदान स्थल अति संवेदनशील



❐ काँक्रेबिहार संवाददाता

रूकुमपश्चिम, १६ फागुन

आगामी निर्वाचनलाई लक्षित गर्दै रुकुम पश्चिमका २१ मतदान स्थललाई अति संवेदनशील सूचीमा राखिएको छ। राजनीतिक दल तथा तिनका समर्थकबीच सम्भावित विवाद र झडपलाई सुरक्षा निकायले प्रमुख चुनौतीका रूपमा लिएको जनाएको छ। जिल्लामा दुई अस्थायीसहित ७८ मतदान स्थल रहेका छन्, जहाँ १ सय ४२ मतदान केन्द्र निर्धारण गरिएको छ। जिल्ला सुरक्षा समितिका अनुसार २१ स्थल अति संवेदनशील, ४३ स्थल संवेदनशील र दुई अस्थायीसहित १४ स्थल सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ।

जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रमुख डीएसपी बेदबहादुर पौडेलका अनुसार दूरी, भौगोलिक विकटता तथा विगतका घटनालाई आधार बनाएर वर्गीकरण गरिएको हो। नयाँ राजनीतिक समीकरणका कारण दलभित्रको आन्तरिक प्रतिस्पर्धा पनि सुरक्षा चुनौती बनेको छ, उनले भने। चुनावी कार्यक्रम एकै स्थान र समयमा जुध्न नदिन पूर्वजानकारी अनिवार्य गरिएको छ। सुरक्षा समितिले मतदान स्थलहरूको स्थलगत अनुगमन, आवश्यक सुधार तथा संवेदनशील क्षेत्रमा निगरानी तीव्र पारेको जनाएको छ।

जिल्लामा १२ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। विशेषगरी पूर्वसांसद जनार्दन शर्माले पुरानो दल परित्याग गरी नयाँ पार्टीबाट उम्मेदवारी दिएपछि केही क्षेत्रमा प्रतिस्पर्धा चर्किएको छ। यसले विभिन्न दलका समर्थकबीच तनाव बढ्न सक्ने आकलनसहित सुरक्षा निकाय सतर्क रहेको छ। यद्यपि हालसम्म कुनै अप्रिय घटना नभएको डीएसपी पौडेलले जानकारी दिए।

नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा निर्वाचन सुरक्षाकर्मीबीच समन्वयात्मक रूपमा सुरक्षा योजना कार्यान्वयन भइरहेको सुरक्षा समितिले जनाएको छ। आठविसकोट नगरपालिकाको माथिल्लो भेग स्यालाखदी र गोतामकोट क्षेत्रमा भौगोलिक विकटता, हिउँ पर्ने अवस्था तथा सीमित यातायात पहुँचले सुरक्षा व्यवस्थापनमा थप चुनौती थपिएको छ। जिल्लामा ५२ हजार ३ सय ९६ महिला, एक अन्य र पुरुष गरी कुल १ लाख ६ हजार ६ सय ६० मतदाता रहेका छन्।

सम्पादकीय

मतदान प्रक्रियालाई सहज बनाऊ

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा लोकतन्त्रको मूल आधार–मताधिकारको प्रभावकारी प्रयोग सुनिश्चित गर्नु सबै पक्षको दायित्व हो । मतदान केवल एक अधिकार मात्र होइन, राज्यप्रतिको नागरिक दायित्व पनि हो । तर यो अधिकार प्रयोग गर्ने वातावरण सबैका लागि समान, सम्मानजनक र सहज नभए लोकतन्त्रको सार नै कमजोर हुन्छ । यस बिषयमा रूकुमपश्चिमका युवाहरूले उठाएको माग पनि अत्यन्त समय सान्दर्भिक छ । अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, शारीरिक रूपमा अशक्त तथा अस्वस्थ मतदातालाई सहज र विशेष व्यवस्था गर्नुपर्ने उनीहरूको आग्रह कुनै अतिरिक्त सुविधा होइन, समावेशी लोकतन्त्रको न्यूनतम शर्त हो । मतदान केन्द्रसम्म पुग्न नसक्ने, लामो लाइनमा उभिन नसक्ने वा आकस्मिक स्वास्थ्य समस्या भएका मतदातालाई आवश्यक सहजीकरण नगरे उनीहरू व्यवहारतः मताधिकारबाट वञ्चित हुने जोखिम हुन्छ । युवा मानव अधिकार रक्षक सञ्जालमार्फत प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाइएको ज्ञापनपत्रमा प्राथमिक उपचारको व्यवस्था, दक्ष स्वास्थ्यकर्मीको उपस्थिती, ह्विलचियर र स्ट्रेचरको उपलब्धता, मतदान स्थल नजिक एम्बुलेन्स तयारी अवस्थामा राख्ने लगायतका मागहरू समावेश छन् । यी मागहरू व्यावहारिक र कार्यान्वयन योग्य छन् । विशेषगरी दुर्गम भौगोलिक अवस्थाका कारण परिचित कर्णाली क्षेत्रमा यस्ता व्यवस्थाको अझ बढी आवश्यकता पर्छ ।

कर्णालीका सबै जिल्लामा निर्वाचन सामग्री सुरक्षित रूपमा वितरण भइसकेको छ । प्रदेश निर्वाचन कार्यालय सुर्खेतका अनुसार प्रदेशका सबै जिल्ला निर्वाचनका आवश्यक मतपत्र, मतपेटिका, मतदान अधिकृतका सामग्री तथा अन्य प्राविधिक सामग्रीहरू सुरक्षित रूपमा पुगेका छन् । जिल्ला पुगेका निर्वाचन सामाग्रीहरू अब मतदान केन्द्रसम्म पुऱ्याउन प्रबन्ध पनि मिलाइदै छ भने निर्वाचन सामाग्रीको गुणस्तर सुनिश्चित गरी मतदान प्रक्रिया सहज तथा व्यवस्थित बनाउन आवश्यक प्रबन्ध मिलाइएको छ । सुरक्षासहित निष्पक्ष, पारदर्शी र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबै निकाय तयार छन् । सुरक्षाव्यवस्थालाई विशेष प्राथमिकतामा राखिएको भन्दै संयुक्त सुरक्षा गस्ती, मतदान केन्द्रको स्थलगत निरीक्षण तथा संवेदनशील क्षेत्रको पहिचान गरी आवश्यक रणनीति लागू गरिएको छ । निर्वाचनको बेला सुरक्षाकर्मी, कर्मचारी र पर्यवेक्षकको व्यापक परिचालन पनि हुन्छ । त्यही संयन्त्रलाई थप जिम्मेवार र संवेदनशील बनाउँदै स्थानीय सरकार, निजी स्वास्थ्य संस्था र नागरिक समाजबीच समन्वय गरिएमा धेरै समस्या समाधान हुन सक्छन् । समावेशी पूर्वाधार, प्राथमिकता लाइन, स्वयंसेवक परिचालन र स्वास्थ्य सहायता डेस्क जस्ता उपायले मतदान प्रक्रियालाई सहज बनाउन सकिन्छ ।

गत २०७९ को प्रतिनिधि सभा निर्वाचनमा नौ लाख आठ हजार ४३३ मतदाता रहेको कर्णालीमा यस पटक एक लाख २८ हजार ८१७ मतदाता थपिएका छन् । यस पटक कुल मतदाता संख्या १० लाख ३७ हजार २५० जना निर्वाचन प्रक्रियामा सहभागी हुँदैछन् । फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा गरेका नागरिकलाई आधार मानेर तयार पारिएको मतदाता नामावली अनुसार प्रदेशका १० जिल्लामा ९४१ मतदान स्थल र एक हजार ४३७ मतदान केन्द्र निर्धारण गरिएको छ । तर लोकतन्त्रको मापन केवल मत खसेको संख्याले मात्रै हुँदैन, त्यो मत कति सम्मानपूर्वक खस्यो भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ । राज्यले सबै नागरिकलाई समान अवसर दिएको छ भन्ने अनुभूति गराउन सके मात्र निर्वाचनप्रतिको विश्वास बलियो बन्छ । त्यसैले सम्बन्धित निकायले युवाहरूको मागलाई औपचारिकता नठानी गम्भीरतापूर्वक कार्यान्वयन गर्नुपर्छ । निर्वाचनलाई केवल प्रक्रिया होइन, सबैका लागि पहुँचयोग्य र समावेशी उत्सव बनाउने दायित्व अब राज्यको काँधमा छ । त्यसैले यस पटकको निर्वाचन प्रक्रिया सबैका लागि समान, सम्मानजनक र सहज बनाऊ ।

लोकतन्त्र लोकको बनाउन "दल होइन अब्बल"



✍ गोपी मैनाली

भारतलाई अहिलेको स्थानमा पुऱ्याउने मनमोहन सिंहले गरेको योगदान अविस्मरणीय छ । तिनै मनमोहन सिंहले आफ्नै साथीको नेतृत्वमा रहेको अन्तराष्ट्रिय मुद्रा कोषको उच्च पदमा नियुक्तिका लागि आफ्नी छोरीलाई सिफारिस मात्र नगरेका होइनन्, आफ्नो पहिचानलाई समेत बाहिर ल्याएनन् ।

चुनावअघिको संकल्पमा कुनै राजनीतिक दलबाट सार्वजनिक जिम्मेवारी दिने सन्दर्भमा 'दल होइन अब्बल' भन्ने आवाज सुनियो । कम्तीमा दलसम्म त्यसको चेतना पुगेछ । मुलुक र जनताको नेतृत्व गर्छु भन्ने सबैबाट यसैखाले संकल्प आउनु पर्ने होइन र ? उहाँहरूलाई हामीले अब्बल भनेर नै जिताउने हो, अब्बल हुनेहरूले अब्बल नै भन्नुपर्छ । भनेर मात्र पुग्दैन, अब्बल गर्नुपर्छ । गर्न नसकिएकोमा पश्चातापसहित पुनर्वाचा गर्नुपर्छ । नराम्रो गर्न कोही नेतृत्वमा जान्छ भन्ने जनता सोच्दैनन्, त्यसैले विगतको विवेचना र भविष्यको सचेत संकल्प तपाईंहरूको कर्तव्य हो ।

नागरिक इच्छाको धरोहर राज्य नैतिक संस्था हो । राज्यले सँधै योग्य र इमानी मानिस खोजिरहेको हुन्छ । लोकतन्त्रले त्यसलाई संस्थागत गरिदिन्छ । लोकतन्त्रको सुन्दर पक्ष नै सबैप्रति न्याय गर्नु हो । कसैप्रति बढी न्याय हुन्छ भने त्यसको एकमात्र आधार क्षमता र इमान्दारिता हो । राज्यका सबै पदप्रति सबैको समान अधिकार हुन्छ, कसैले कुनै पद वा जिम्मेवारी पाउनुको पछिको कारण उसको योग्यता र इमानदारिता हो । विडो विल्सनले भनेझैं सबै व्यक्ति खास पदका लागि समान दाबी गर्न सक्छन् तर वास्तविक दाबेदार त्यही हुन्छ, जो अरूभन्दा अब्बल छ ।

के राजनैतिक कार्यकारी दल भुलेर अब्बललाई प्राथमिकतामा राख्छन् ? त्यसो गर्ने सामर्थ्य उनीहरूमा छ ? राजनेताहरू त्यसो गर्ने साहस राख्छन्, राष्ट्र निर्माण र सुशासनको अभीष्ट भएकाहरू त्यसै गर्छन् । आधुनिक अमेरिकाको जग बसाउने जर्ज वासिङ्टनले इमान्दारी, क्षमता र निष्ठा सार्वजनिक जिम्मेवारीका आधार मानेका थिए, त्यसैको जगमा संयुक्त राज्य अमेरिका संयुक्त भावनामा बाँधिएर 'शक्ति राष्ट्र' बनेको हो ।

संविधान निर्माणमा समेत नेतृत्व गरेको उनको समूह यसप्रति प्रतिबद्ध थियो । अब्राहम लिंकनले एक कदम अघि बढेर चरित्रवान व्यक्ति नियुक्ति गर्ने प्रतिबद्धता पूरा गर्न प्रतिस्पर्धीहरूको समूह नै गठन गरे । त्यसैले उनी 'अनेष्ट आबे' (इमान्दार आबे)का नामका प्रख्यात भए । रङ्गभेदी शासन उल्ट्याउन नेतृत्व गर्ने नेल्सन मण्डेलाले नैतिक चरित्र, क्षमता र लोकतान्त्रिक मूल्यनिष्ठा सार्वजनिक जिम्मेवारीका आधार बनाए, आफू राष्ट्रपति भएपछि रङ्गभेद गरेनन् । भारतीय प्रधानमन्त्री लालबहादुर शास्त्री नियुक्ति र प्रशासनमा सबैभन्दा नैतिक निष्ठा राख्ने व्यक्ति थिए, जसलाई केही भए पनि आइ के गुजराल, चन्द्र शेखर, अटल विहारी बाजपेयीहरूले पछ्याए । अमेरिकी राष्ट्रपति विड्रो विल्सनले त राजनीतिले नियुक्तिमा दलीय भावना राख्ला भनेर राजनीति र प्रशासनको सीमा विभाजनको सिद्धान्त नै बनाए । यी सबै व्यक्ति राजनेता भए ।

तर, राजनीति गरेका नेतालाई त्यसो गर्न सजिलो छैन मात्र होइन, प्रायः अब्बल भने पनि दलकै छान्छन् । राम्रो होइन हाम्रो छान्छन् । त्यसो गर्ने विशेषाधिकार आफूमा भएको मनोविज्ञानबाट उनीहरू ग्रसित छन् । पार्टीका व्यक्तिहरू पार्टमा विभाजित हुन्छन्, 'होल' मा रहँदैनन् । नियुक्ति र जिम्मेवारी दिँदा आफन्त, नाता र दलका मान्छे हुँदै उभय पक्षबाट प्रभावित हुनु उनीहरूको प्रवृत्ति हो । आफ्नालाई अवसर दिन मातृभूमिको धुलोमैलोमा दुःख गरेर अब्बल भएकाहरूलाई भुलेर विदेशमा रहेकालाई खोज्न पनि बेर लगाउँदैनन् ।

भारतलाई अहिलेको स्थानमा पुऱ्याउने मनमोहन सिंहले गरेको योगदान अविस्मरणीय छ । तिनै मनमोहन सिंहले आफ्नै साथीको नेतृत्वमा रहेको अन्तराष्ट्रिय मुद्रा कोषको उच्च पदमा नियुक्तिका लागि आफ्नी छोरीलाई सिफारिस मात्र नगरेका होइनन्, आफ्नो पहिचानलाई समेत बाहिर ल्याएनन् ।

राज्यका विशिष्ठ निकायमा आफ्नै मानिस नियुक्ति गरेर नीति, स्रोत र अधिकारमाथि आफ्नो पकड दह्रिलो बनाउने उनीहरूको मनसुवा रहन्छ । कनिष्ठ र कम सक्षमलाई उपयोग जसरी पनि गर्न सकिने, दुरुपयोग गर्न सकिने भएकोले पनि अब्बलभन्दा पर पुगेर आफ्नालाई जिम्मेवारी दिने प्रवृत्ति बनेको हो । अर्को तथ्य के पनि छ भने प्रथम कोटीका नेतृत्वले प्रथमकोटीकै व्यक्ति मन पराउँछन्, दोस्रो कोटीकाले तेस्रो कोटीकालाई । नेतृत्व नै त्यसैकोटीको भए के होला हामी कल्पना गर्न सक्छौं । अब्बल होइन, दलीय विकृतिले संस्थाहरू निम्छरा बनेका छन् । दलबाट बिटुलिएका संस्थाले निष्पक्षता, न्याय र सुशासन दिने होइन, त्यसैका बाधक बन्दछन् । राजनैतिक संस्कार नबसेको समाजमा त यो झनै झाँगिएको छ ।

केही नजिकका उदाहरण लिऔं, श्रीलंकामा राष्ट्रपति निर्वाचनमा अत्यधिक मतले चुनावी परिणाम हात पारेका महिन्दा राजापाक्छेले आफ्ना तीन भाइहरू गोतावाया राजापाक्षी, वासिल राजपाक्षी र चामल राजापाक्षीलाई क्रमशः रक्षा मन्त्री, अर्थमन्त्री र संसद्को सभामुख बनाए । २२५ सदस्यीय संसद्मा ३७ जना उनको पारिवारिक नाता थिए, सबै महत्त्वपूर्ण हैसियत राख्दथे । प्रशासनका सबै पदहरू राजापाक्षी समर्थक थिए, मन नपरेका प्रशासकीय पदाधिकारीलाई छानीछानी जगेडामा राखिएको थियो ।

लामो सशस्त्र आन्तरिक द्वन्द्व समाधान गरेर शान्ति र समृद्धीलाई दिइएको गोतावाया, महिन्दा दाजुभाइमा मतको मात यति बढी भयो कि उनीहरूलाई प्रश्न गर्ने सबै निस्तेज पारिए । संसद्मा देवत्वकरण गरिए । शासनमा परिवार जस्तो भयो । प्रश्न गर्ने कोही नभएपछि उर्लेको जनआक्रोशले राजनेताको छवि बनाएका गोतावाया समेतले भाग्नु पर्ने स्थिति आयो । अब्बल सबै हाम्रा हुन्, राजनीति छुट्टै हो, अब्बललाई राजनीतिले कमान्ड गर्ने हो भन्ने बुझिएको भए बासदीको त्यो स्थिति आउने नै थिएन ।

पालैपालो बङ्लादेशी सरकारको नेतृत्वमा पुगेका अवामी लिग र बीएनपीका दुई नेतृ शेख हसिना र खालिदा जियाले त्यहाँको प्रशासनको हदैसम्मको दुरुपयोग गरे । बङ्ला स्वतन्त्रताको विरासत बोकेका ती दलका दुवै नेतृ विरासत र अवसर दुवैलाई विकृत बनाइ मुलुकलाई अँध्यारो सरुङमा पुऱ्याए । आफन्त, पद र त्यसको दुरुपयोगले राजनेता बन्ने अवसर मात्र उनीहरूले गुमाएनन्, त्यहाँका जनता अहिले पनि भ्रष्टाचार, विभेद, सम्भ्रान्त शासन र अविकासमा पिल्सिएका छन् । शासक अधिनायक भएपछि त्यसको भार देश र जनताले भोग्नुपर्छ ।

तान्जानियाका राष्ट्रपति सामिया सुलुहु हासेनले आफ्नी छोरी वानु हाफिद अमाएरलाई उपमन्त्रीमा नियुक्त गरे । युगाण्डाका राष्ट्रपति योवेरी मुसेवेनीले छोरालाई सेना प्रमुख र श्रीमतीलाई मन्त्री बनाए । हासेन र मुसेवेनी राज्यशक्ति दुरुपयागमा निकै कुख्यात थिए । रुवाण्डाका पल कागामे, मालावीका चाकवेरा, ग्यावोनका ओडिवा, अजरबैजानका आलिएज, कम्बोडियाका हुनसेन आफ्नालाई नियुक्ति दिन नै पदमा पुगेको हुन कि भन्ने भएको छ । फ्रान्सका राष्ट्रपति निकोलस सार्कोजीले छोरा जाँ सार्कोजीलाई विनायोग्यता सुरक्षा प्राधिकरण (इपाद)को कार्यकारी निर्देशक बनाए । जसका कारण उनले कारबाही भोग्नुपऱ्यो । अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले न्यायाधीश नियुक्ति नै दलीय गरे । अल्पविकसित मात्र होइन, विकसित देशका नेता पनि अवसर पाए पदमा च्याल काट्न चुक्दा रहेनछन् ।

भारतको राजनीति नातावाद र वंश विरासतमा निकै अघि छ । नेहरू-गान्धी परिवार कांग्रेसको नेतृत्व र पटक-पटक प्रधानमन्त्री भए । तर जनताले यसको बदला स्वरूप त्यस पार्टीलाई दशकदेखि उठ्न दिएको छैन । यही दलले जिम्मेवारी दिएपछि नेतृत्वमा पुगेका मनमोहन सिंहको इमान, सादगी र क्षमताले भारतीय शासनमा छुट्टै पहिचान दिन पुग्यो । सचिवदेखि गभर्नर, अर्थमन्त्री, योजना आयोगको उपाध्यक्ष हुँदै प्रधानमन्त्री भई सरकारको नेतृत्व गरेका सिंहले गरेका नियुक्ति र लिएका नीतिका कारण उनीमाथि कहिले प्रश्न उठेन, बरु आधुनिक भारतको समृद्धिको मार्ग तय गऱ्यो ।

भारतलाई अहिलेको स्थानमा पुऱ्याउने मनमोहन सिंहले गरेको योगदान अविस्मरणीय छ । तिनै मनमोहन सिंहले आफ्नै साथीको नेतृत्वमा रहेको अन्तराष्ट्रिय मुद्रा कोषको उच्च पदमा नियुक्तिका लागि आफ्नी छोरीलाई सिफारिस मात्र नगरेका होइनन्, आफ्नो पहिचानलाई समेत बाहिर ल्याएनन् । नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाका निजी सचिवले कसैको उपहार स्वीकार गर्दा पदबाट विदा हुनुपऱ्यो ।

पदहरू सँधै अब्बलका दाबेदारीमा रहन्छन्, नेतृत्वले त्यहाँ च्याल काड्यो भने संस्थाहरूको प्रदूषीकरण त्यहींबाट शुरू हुन्छ । स्थार्थको समर्पण र विधिको स्थापना नेताको काम हो । त्यही भारतमा क्षेत्रीय राजनीतिसम्म पनि वंश र आफन्तको विरासत संस्थागत छ । उत्तर प्रदेशमा यादव, जम्मु कास्मिरमा अब्दुल्ला र तामिलनाडुमा करुणानिधि परिवारले त्यही गऱ्यो जुन विगतमा नेहरू-गान्धीले गरेको थियो ।

अब्बल होइन आफन्तको जकड्याइँमा नराम्ररी फसेको मुलुक इन्डोनेसिया पनि हो । सकार्नो र सहार्तोका शासनमा आफन्तवाद यसरी झाँगियो कि त्यसको प्रभाव अहिले पनि उत्तिकै छ । राष्ट्रपति सहार्तोले आफ्ना नियुक्तिमा मात्र कुख्याती कमाएनन्, आफ्नालाई लगानीको शेयर पनि दिनुपर्ने बाध्यता पनि विकास भयो । ३६,००० वर्ग किमी भूमि उनको स्वामित्वमा पुग्यो । इष्ट टिमोरसम्म रियल स्टेटमा उनको पकड रह्यो । अघिल्लो निर्वाचनमा उनका ज्वाइँ पारवोओ सुवियान्तो राष्ट्रपति बने । त्यहाँको निर्वाचनमा जिवाओ (डिजिटल) अभियान पनि उनकै कब्जामा रह्यो, भारतमा गोदी मेडिया जस्तै । पैसा, पद र प्रविधि आफ्ना पक्षमा पार्ने यो होडले नियुक्ति मात्र होइन, शासन नै सम्भ्रान्तको बन्देछ ।

स्वास्थ्य

एकपल्टमा धेरै भात किन नखाने ? के फ्याटी लिभर आफैं निको हुन्छ ?

कलेजोका कोषिकाहरूमा अत्यधिक बोसो जम्मा भएपछि फ्याटी लिभर हुन्छ । कलेजोमा थोरै मात्रामा बोसो हुनु सामान्य हो तर यो बोसो कलेजोको कुल तौलको १० प्रतिशतभन्दा बढी भयो भने त्यसलाई फ्याटी लिभर मानिन्छ । यसले गम्भीर शारीरिक समस्या उत्पन्न गर्न सक्छ ।

फ्याटी लिभरले सधैँ नोक्सान गर्छ भन्ने होइन, तर केही अवस्थामा यो अतिरिक्त बोसोका कारण कलेजो सुन्निन सक्छ । यस अवस्थालाई स्टिएटोहेपेटाइटिस भनिन्छ, यसले वास्तवमै कलेजोलाई नोक्सान पुऱ्याउँछ ।

कहिलेकाहीं यस्तो फुलावट अत्यधिक मदिरा सेवनका कारण हुन्छ । यसलाई अल्कोहोलिक स्टिएटोहेपेटाइटिस भनिन्छ । तर, यदि यसको कारण मदिरा होइन भने त्यसलाई नन-अल्कोहोलिक स्टिएटोहेपेटाइटिस भनिन्छ ।

कलेजोमा भएको फुलावट लामो समयसम्म रहँदा कलेजो कडा बन्छ र त्यसमा घाउ बन्न थाल्छ । यस गम्भीर अवस्थालाई सिरोसिस भनिन्छ, जसले गर्दा कलेजोले आफ्नो काम गर्ने छोड्न सक्छ ।

ग्रेड १ – हल्का फ्याटी लिभर

यस अवस्थामा कलेजोका करिब ३३ प्रतिशत कोषिकामा बोसो जम्मा भएको हुन्छ । सामान्यतया कुनै विशेष लक्षण देखिँदैन । जीवनशैलीमा सुधार, ब्यायाम र सन्तुलित खानपानबाट यो अवस्था सुधार गर्न सकिन्छ । यो फ्याटी लिभरको सुरुवाती र सबैभन्दा हल्का चरण हो ।

ग्रेड २ – मध्यम फ्याटी लिभर

यसमा कलेजोका ३४ देखि ६६ प्रतिशत कोषिकामा बोसो हुन्छ । लक्षणहरूमा थकान, पेट गह्रौं महसुस हुनु वा हल्का दुखाइ अनुभव हुन सक्छ ।

यदि जीवनशैलीमा सुधार नगरिएमा यो अवस्था गम्भीर कलेजो रोगमा परिणत हुन सक्छ ।

ग्रेड ३ – गम्भीर फ्याटी लिभर

यो फ्याटी लिभरको सबैभन्दा गम्भीर र विकसित चरण हो । यसमा ६६ प्रतिशतभन्दा बढी कोषिकामा बोसो जम्मा भएपछि त्यसले शरीरमा इन्सुलिनप्रतिको संवेदनशीलता (insulin sensitivity) घटाउँछ । यसको अर्थ, कलेजोले इन्सुलिनका सन्देशलाई ठीकसँग बुझ्न वा प्रक्रिया गर्न सक्दैन । त्यसैले यस्ता व्यक्तिहरूमा टाइप-२ मधुमेहको जोखिम उच्च हुन्छ ।

उनी भन्छन्, 'आजको दिनमा फ्याटी लिभर डिजिज नै सिरोसिसको सबैभन्दा ठूलो कारण बन्न थालेको छ । उनका अनुसार, हाल करिब ३५ प्रतिशत मानिसमा फ्याटी लिभर देखिन्छ । तीमध्ये २५ प्रतिशतमा यो अवस्था गम्भीर बन्ने जोखिम हुन्छ ।

विशेषज्ञहरू के भन्छन् ?

दिल्लीस्थित सर गंगाराम अस्पतालको लिवर, ग्यास्ट्रोएन्ट्रोलोजी र प्यान्क्रियाटो-बिलियरी साइन्सेस इन्स्टिच्युटका उपाध्यक्ष डा. पीयूष रञ्जनका अनुसार, सामान्य रूपमा हेर्दा फ्याटी लिभर डिजिज दुई प्रकारका हुन्छन् पहिलो, मदिरा सेवनको कारण हुने (Alcoholic Fatty Liver Disease) र दोस्रो, मदिरा सेवन नगरेर पनि हुने (Non–Alcoholic Fatty Liver Disease) ।

उनी भन्छन्, 'मोटोपन, मधुमेह (डायबेटिज), थाइराइडको गडबडी र कोलेस्टेरोलको स्तर बढ्नु फ्याटी लिभर हुनुका प्रमुख कारण हुन् ।'

डा. रञ्जनका अनुसार, कलेजोमा अत्यधिक बोसो जम्मा भएपछि त्यसले शरीरमा सिरोसिसजस्तो गम्भीर अवस्थासम्म पुग्न ५ देखि १० वर्षसम्म लाग्न सक्छ । कलेजोमा सिरोसिस हुने खतरा भएको अवस्थालाई सिग्निफिकेन्ट फाइब्रोसिस (Significant Fibrosis) भनिन्छ ।

फ्याटी लिभरका खतरा कसरी थाहा पाउने ?

डा. पीयूष रञ्जनका अनुसार, कलेजोका कोषिकामा सामान्य बोसोको मात्राबाट सिरोसिसजस्तो गम्भीर अवस्थासम्म पुग्न ५ देखि १० वर्षसम्म लाग्न सक्छ । कलेजोमा सिरोसिस हुने खतरा भएको अवस्थालाई सिग्निफिकेन्ट फाइब्रोसिस (Significant Fibrosis) भनिन्छ ।

विश्व

इरानमाथि अमेरिका र इजरायलको संयुक्त आक्रमण

इरानमाथि भइरहेको आक्रमण अमेरिका र इजरायलको संयुक्त सैन्य अपरेशन रहेको एक अमेरिकी अधिकारीले अल जजीरालाई बताएका छन् । द्वन्द्व टार्नका लागि विगत केही समयदेखि कैयौं चरणका वार्ताहरू भएका थिए, जसको पछिल्लो कडी दुई दिनअघि मात्रै सम्पन्न भएको थियो ।

विगत १२ घण्टाभित्रै अमेरिका र इरानबिचको अप्रत्यक्ष वार्तामा मुख्य सहजकर्ताको भूमिका निभाइरहेका ओमानका विदेशमन्त्रीले वासिङ्टन पुगेर अमेरिकी उपराष्ट्रपति जेडी भान्ससँग भेट गरी भिडन्त रोक्न अन्तिम प्रयास गरेका थिए । तर, अब यो भिडन्त इजरायली मोर्चाबाट औपचारिक रूपमा सुरु भएको पुष्टि भएको छ ।

इजरायली सुरक्षा स्रोतका अनुसार पछिल्लो २४ घण्टामा इजरायल र अमेरिकाले अब वार्ताको कुनै सम्भावना नरहेको निष्कर्ष निकालेका थिए । हाल इजरायली आकाश पूर्ण रूपमा बन्द गरिएको छ भने सेनाले संकटकाल घोषणा गर्दै नागरिकहरूलाई सुरक्षित सेल्टर नजिकै रहन आग्रह गरेको छ ।


'अमेरिका–इरान वार्ता बिथोल्न इजरायलको प्रहार'

जर्जटाउन विश्वविद्यालयका प्राध्यापक एवं इरानी मामिला विज्ञ मेहरान कामराभाका अनुसार इजरायलले अमेरिका र इरानबिचको वार्तालाई असफल बनाउने आफ्नो मनसाय पहिले नै स्पष्ट पारिसकेको थियो । उनले अल जजीरासँग कुरा गर्दै भने, 'गत जुनमा जस्तै यसपटक पनि इजरायलले यी दुई देशबिचको कूटनीतिक संवादलाई पटरीबाट उतार्नका लागि यो आक्रमण गराएको देखिन्छ ।' कामराभाका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफैंले सिर्जना गरेको दबाबको चक्रमा फसेका छन् । 'विशाल सैन्य परिचालन र विगत डेढ वर्षदेखि इजरायललाई दिइएको निरन्तरको ग्रीन सिग्नलका कारण ट्रम्प यस्तो मोडमा पुगे जहाँ उनले इजरायललाई नकार्न सकेनन् । एक हिसाबले इजरायलीहरूले ट्रम्पलाई यो युद्धका लागि बाध्य पारेका छन्,' उनले व्याख्या गरे ।



काँक्रेविहार
राष्ट्रिय दैनिक
www.kankrebihar.com

स्याउ खेतीमा किसानको बढ्दो आकर्षण



❐ काँक्रेविहार संवाददाता
बाजुरा, १६ फागुन

बाजुराका दुर्गम क्षेत्रका किसानमा स्याउ खेतीप्रति आकर्षण बढ्दै गएको छ। जिल्लाको पूर्व-उत्तरी क्षेत्रमा पर्ने हिमाली, स्वामिकार्तिक खापर, जगनाथ र बुढीनन्दाका अधिकांश किसान अहिले स्याउ खेतीमा सक्रिय छन्।

स्थानीय सरकारले पछिल्लो समय धेरै गाउँ बस्ती सडक सञ्जालसँग जोड्दा किसानको स्याउ खेतीप्रति आकर्षण बढेको हो। बुढीनन्दा नगरपालिका-८ का चक्र कठायतले बताए अनुसार स्याउ खेतीले जीविकोपार्जन सहज हुने देखिएपछि मैले समूहको ऋण लिएर खेती गर्न थालें।

पहिलो वर्षमा ५ सय बोट लगाएँ त्यसपछि २ हजार बोट फेरि लगाएँ। अहिले मेरो बगैचामा झण्डै २५ सय बोट स्याउका छन्। खेती गर्दा बाँदर, भालु र बँदेलले धेरै नोक्सान पुऱ्याउँछन्। त्यसैले स्याउ खेती सुरु गरेको हुँ। पहिले गाउँमा सडक थिएन र खच्चरमा ढुवानी गर्दा बिक्री गर्न समस्या हुन्थ्यो। अहिले बाटो पुगेपछि स्याउ व्यवसायमा लागेको हुँ।

कठायतले लगाएका स्याउ बोट अहिले फल्न थालेका छन्। यहाँ भदौदेखि असोजसम्म स्याउ पाक्छन्। सबै स्याउ एकै पटक पाक्ने भएकाले बजारमा बिक्री गर्न किसानलाई समस्या हुने गरेको छ।

यसका लागि चिस्यान केन्द्र स्थापना आवश्यक छ, तर अहिलेसम्म त्यस्तो सुविधा छैन। यदि सरकारले चिस्यान केन्द्र वा कोल्ड स्टोर स्थापना गरे किसानले स्याउ लामो समयसम्म सुरक्षित राख्न सक्थो।

बाजुरामा १७० हेक्टर जमिनमा स्याउ खेती गरिन्छ र वार्षिक एक हजार २० मेट्रिक टन स्याउ उत्पादन हुने गरेको छ। यहाँ फुजी, गाला र गोल्डेन जातको स्याउ उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्र, बाजुराका प्रमुख जसिराम साहनीले जानकारी दिए।

हुम्लाका १५ मतदान केन्द्रमा तीन सयभन्दा कम मतदाता, हिमपातले पहुँच चुनौतीपूर्ण

❐ काँक्रेविहार संवाददाता
हुम्ला, १६ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हुम्लामा कायम गरिएका ६४ मतदान केन्द्रमध्ये १५ केन्द्रमा तीन सयभन्दा कम मतदाता रहेका छन्। भौगोलिक विकटता र हिमपातका कारण ती केन्द्रमा मतदान सामग्री ढुवानी र जनशक्ति परिचालन चुनौतीपूर्ण देखिएको छ। जिल्ला निर्वाचन अधिकारी भीमबहादुर रोकायाका अनुसार जिल्लामा कुल ३४ हजार ३७२ मतदाता रहेका छन्। तीमध्ये सबैभन्दा कम मतदाता ताँजाकोट गाउँपालिका-३ स्थित बानादेव आधारभूत विद्यालय मतदान केन्द्रमा छन्, जहाँ जम्मा ५४ मतदाता मात्र छन्। उक्त स्थान गाउँपालिकाको केन्द्रबाट पैदल एक दिन लाग्ने दूरीमा रहेको छ र सडक सञ्जाल पुगेको छैन।



सर्केगाड गाउँपालिकामा तीन सयभन्दा कम मतदाता भएका तीन मतदान केन्द्र छन्। वडा नं. १ को देबल आधारभूत विद्यालय तुम्चमा २ सय ४०, धुमचुली आधारभूत विद्यालय कल्लासमा २ सय १६ र नीलकण्ठ प्राविको फुचामा २ सय ८८ मतदाता रहेका छन्। चंखेली गाउँपालिकामा पनि तीन मतदान केन्द्रमा मतदाता संख्या तीन सयभन्दा कम छ। डाँफे आधारभूत विद्यालय नेप्कामा २ सय ४२ मतदाता रहेका छन् भने रारा आधारभूत विद्यालय मेखालामा १ सय ४३ र रामशाह आधारभूत विद्यालय पिपलाडमा २ सय १२ मतदाता रहेका छन्। यी क्षेत्रमा पुग्न पनि पैदल यात्रा नै प्रमुख माध्यम हो।

जिल्लाको उत्तरी क्षेत्र नाम्खा गाउँपालिकाका आठ मतदान केन्द्रमध्ये केहीमा पनि मतदाता संख्या न्यून छ। हिमशिखर प्राविको तिलगाउँमा १ सय ३२, भृकुटी प्राविको जाँडगाउँमा २ सय ४७ र सुनखानी प्राविको हल्जीमा २ सय ९३ मतदाता रहेका छन्। तर ती गाउँका अधिकांश मतदाता हाल सदरमुकाम वा अन्य सहरी क्षेत्रमा बसोबास गरिरहेका छन्।

यसैगरी अरनिको प्राविको यारीमा १ सय ९५, खासरपानी प्राविको मुचुमा २ सय ३४, हिमालय प्राविको चालामा १ सय ५९, महाबौद्ध माविको याल्वाङमा २ सय ८० र नमोडोछोमु प्राविको ताङ्लीनमा १ सय ५९ मतदाता रहेका छन्। मुख्य निर्वाचन अधिकृत नीलकण्ठ बरालका अनुसार अधिकांश उत्तरी क्षेत्रमा यतिबेला हिउँ जमेको छ। यारी र न्यालु लेक क्षेत्रमा बाक्लो हिउँका कारण केही मतदान केन्द्रसम्म पुग्न कठिन भएको छ। स्काभेटरमार्फत हिउँ पन्छाउने प्रयास भए पनि अवस्था चुनौतीपूर्ण रहेको उनले बताए।

दाङमा प्रतिनिधिसभा निर्वाचन परिणाम डिजिटल माध्यमबाट सार्वजनिक गरिने


❐ काँक्रेविहार संवाददाता
दाङ, १६ फागुन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मतपरिणाम लुम्बिनी प्रदेश निर्वाचन कार्यालय दाङले यसपटक डिजिटल प्रविधिमार्फत सार्वजनिक गर्ने भएको छ। विगतमा स्पिकरमार्फत मतपरिणाम घोषणा गर्ने प्रचलन रहे पनि यस वर्षदेखि डिस्प्ले बोर्ड प्रयोग गरेर नतिजा सार्वजनिक गर्ने तयारी गरिएको प्रदेश निर्वाचन कार्यालय दाङका सूचना अधिकारी गेहेन्द्र कुँवरले जानकारी दिए। उनका अनुसार मतपरिणाम डिस्प्ले बोर्डसँगै वेबसाइटमार्फत समेत सार्वजनिक गरिनेछ। यसले एकद्वार प्रणालीबाट नतिजा प्रवाह हुने र सूचना थप विश्वसनीय बन्ने विश्वास कार्यालयले लिएको छ। कुन-कुन



चरणमा (लटमा) परिणाम सार्वजनिक गर्ने भन्ने विषयमा निर्णय गरी दाङका तीनवटै निर्वाचन क्षेत्रको मतपरिणाम डिजिटल माध्यमबाट सार्वजनिक गर्ने तयारी गरिएको कुँवरले बताए। प्रदेशभर नै यस्तो प्रणाली लागू गर्ने योजना भए पनि हालका लागि दाङमै यसको अभ्यास सुरु गरिने उनले स्पष्ट पारे।

निर्वाचन लक्षित गर्दै सुर्खेतमा मदिरा बिक्री-सेवनमा पूर्ण प्रतिबन्ध



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १६ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय सुर्खेतले मदिराजन्य पदार्थको बिक्री-वितरण तथा सेवनमा अस्थायी रूपमा पूर्ण निषेध लगाएको छ।

निर्वाचन आयोग नेपालको निर्णय, गृह मन्त्रालयको निर्देशन तथा जिल्ला सुरक्षा समितिको बिहीबार बसेको बैठकको निष्कर्षअनुसार सार्वजनिक स्थानमा मदिरा बिक्री-वितरणमा रोक लगाइएको हो। यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य पदको निर्वाचनलाई लक्षित गर्दै यस्तो निर्णय गरिएको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीका अनुसार मदिरा बिक्री-वितरण र सेवनले शान्ति सुरक्षामा असर पार्न सक्ने भएकाले जिल्लाको सुरक्षा व्यवस्था प्रभावकारी बनाउन यो कदम चालिएको हो। सूचनाको अवज्ञा गरी कुनै गतिविधि गरेको पाइएमा कानुनबमोजिम कारबाही गरिनेछ, उनले चेतावनी दिए।

त्यस्तै, निर्वाचन-२०८२ लाई लक्षित गर्दै प्रशासनले सुर्खेतबाट सञ्चालन अनुमति लिएका मानवरहित हवाई उपकरण (ड्रोन) फागुन १८ गतेदेखि मतदान कार्य सम्पन्न नभएसम्म उडान नगर्न निर्देशन दिएको छ। यसैबीच, फागुन १८ गते पर्ने होली पर्वलाई सामाजिक सद्भाव र भाइचारा कायम राख्दै मर्यादित रूपमा मनाउन पनि प्रशासनले आग्रह गरेको छ।

प्रशासनले कुनै दल, संगठन वा उम्मेदवारको चिह्न तथा झण्डाअङ्कित लोगो, स्टिकर, कपडा, टोपी, क्याप, भेस्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क, लकेट वा झोला नबोक्न सर्वसाधारणलाई अनुरोध गरेको छ। निर्वाचनलाई शान्तिपूर्ण र मर्यादित ढंगले सम्पन्न गर्न सबैको सहयोग अपेक्षित रहेको कार्यालयले जनाएको छ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल

फोहोर व्यवस्थापनमा पालिकाबासीको भूमिका

- बजार जाँदा कपडाको झोला लिएर जाऔं,
- प्लास्टिक झोला प्रयोग नगरौं।
- सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरूको प्रयोग नगरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाडामा जम्मा गरौं।
- घरमा जम्मा भएका कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं।
- प्लास्टिक, कागज, धातु ,सिसा, जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं।
- फोहोरलाई जथाभावी नफाली जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाई दिऔं।

संस्थागत भूमिका

- आफ्नो कार्यालय, पसल, विद्यालय वा संस्थामा प्रयोग हुने कागज तथा प्लाष्टिकलाई संकलन गरी कवाडलाई बेच्ने बानी बसालौं र कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं।
- सामानलाई पुनः प्रयोग गर्ने बानि बसालौं, यसले फोहोर घटाउन मद्दत गर्दछ।

समुदायको भूमिका

- आफ्नो सामुदायलाई पुनः प्रयोग योग्य वस्तु तु संकलन गर्ने प्रणाली शुरु गरौं।
- जथाभावी फोहोर नफाली र फोहोर व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं।
- आफ्नो सामुदाय वा छिमेकका विद्यालयहरुलाई वातावरण क्लब गठन गरी फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रम गर्न प्रोत्साहन गरौं।
- पालिकाद्वारा पाक्षीक रूपमा आयोजना गरिने पालिका सरसफाई र हरियाली प्रवर्धन कार्यक्रममा सहभागी बनौं।
- प्रत्येक टोल विकास संस्थाले साप्ताहिक रूपमा सरसफाई कार्यक्रम आयोजना गरी सबैलाई सहभागी बनाऔं।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

फोहोर व्यवस्थापनमा पालिकाबासीको भूमिका

- बजार जाँदा कपडाको झोला लिएर जाऔं,
- प्लास्टिक झोला प्रयोग नगरौं।
- सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरूको प्रयोग नगरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाडामा जम्मा गरौं।
- घरमा जम्मा भएका कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं।
- प्लास्टिक, कागज, धातु ,सिसा, जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं।
- फोहोरलाई जथाभावी नफाली जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाई दिऔं।

संस्थागत भूमिका

- आफ्नो कार्यालय, पसल, विद्यालय वा संस्थामा प्रयोग हुने कागज तथा प्लाष्टिकलाई संकलन गरी कवाडलाई बेच्ने बानी बसालौं र कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं।
- सामानलाई पुनः प्रयोग गर्ने बानि बसालौं, यसले फोहोर घटाउन मद्दत गर्दछ।

समुदायको भूमिका

- आफ्नो सामुदायलाई पुनः प्रयोग योग्य वस्तु तु संकलन गर्ने प्रणाली शुरु गरौं।
- जथाभावी फोहोर नफाली र फोहोर व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं।
- आफ्नो सामुदाय वा छिमेकका विद्यालयहरुलाई वातावरण क्लब गठन गरी फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रम गर्न प्रोत्साहन गरौं।
- पालिकाद्वारा पाक्षीक रूपमा आयोजना गरिने पालिका सरसफाई र हरियाली प्रवर्धन कार्यक्रममा सहभागी बनौं।
- प्रत्येक टोल विकास संस्थाले साप्ताहिक रूपमा सरसफाई कार्यक्रम आयोजना गरी सबैलाई सहभागी बनाऔं।

मतदान स्थल अझै अपाङ्गमैत्री बन्न सकेनन्



काँक्रेविहार संवाददाता
सल्यान, १६ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सल्यानमा १ सय १७ मतदान स्थल र २ सय ५ मतदान केन्द्र तोकिएका छन् । अधिकांश स्थलनजिकै सडक पुगे पनि ती केन्द्र अपाङ्ग, अशक्त तथा ज्येष्ठ नागरिकमैत्री बन्न नसकेको सरोकारवालाहरूले बताएका छन् । जिल्लामा कुल एक लाख ६२ हजार ४ सय ४९ मतदाता रहेका छन् । तीमध्ये सात हजारभन्दा बढी मतदाता अपाङ्गता भएका व्यक्ति छन् भने क र ख वर्गका अपाङ्गता भएका मतदाता मात्रै चार हजारभन्दा बढी रहेका छन् । मतदान स्थल अपाङ्गमैत्री नहुँदा क र ख वर्गका अशक्त मतदाता बढी प्रभावित हुने गरेका छन् । जिल्लाका धेरैजसो मतदान केन्द्र विद्यालय भवनमा राखिएका छन् । केन्द्रसम्म पुग्ने सडकको अवस्था कमजोर हुँदा अपाङ्गता भएका व्यक्तिलाई आवतजावतमा कठिनाइ हुने गरेको छ । कल्याणकारी अपाङ्ग सङ्घ सल्यानका अध्यक्ष कृष्णबहादुर बुढाका अनुसार भौगोलिक विकटता र पूर्वाधार अभावका कारण मतदान केन्द्र पूर्ण रूपमा अपाङ्गमैत्री बन्न सकेका छैनन् ।

उनले अपाङ्गता भएका मतदाताले अझै पनि मतदान गर्न अरूको सहारा लिनुपर्ने अवस्था रहेको बताए । साँघुरा तथा उकालो सडकका कारण ह्विलचेयर प्रयोगकर्तालाई झन् समस्या हुने गरेको उनको भनाइ छ । मानव अधिकार रक्षक सञ्जाल सल्यानले मतदान स्थल अपाङ्ग, अशक्त तथा ज्येष्ठ नागरिकमैत्री बनाउन माग गर्दै प्रमुख जिल्ला अधिकारीसमक्ष ध्यानाकर्षण गराएको छ । सञ्जालका सचिव प्रदीप मगरले गाडी पुग्नु मात्र अपाङ्गमैत्रीको मापदण्ड नहुने बताउँदै बस्ने स्थान, खानेपानी र शौचालयजस्ता आधारभूत सुविधाको व्यवस्थापन आवश्यक रहेको उल्लेख गरे । दार्मा गाउँपालिका-१ का डम्बर रोकायले निर्वाचन कार्यालयले सुरक्षित र शान्तिपूर्ण निर्वाचनमा ध्यान दिए पनि अपाङ्गमैत्री पूर्वाधार निर्माणमा पर्याप्त पहल हुन नसकेको बताए । दार्मा गाउँपालिका-६ का वडाध्यक्ष देवी केसीले आफ्नो वडाका मतदान केन्द्र अझै अपाङ्ग तथा अशक्तमैत्री नभएको जानकारी दिए । प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले मतदान केन्द्रलाई अपाङ्ग, अशक्त तथा ज्येष्ठ नागरिकमैत्री बनाउन प्रयास भइरहेको बताउँदै फरक क्षमता भएका मतदातालाई प्राथमिकता दिएर मतदानको पालो मिलाइने जानकारी दिए ।

निर्वाचनमा एमाले पहिलो पार्टी बन्ने शाहीको दाबी



काँक्रेविहार संवाददाता
सुर्खेत, १६ फागुन

नेकपा (एमाले)का केन्द्रीय प्रचार विभाग संयोजक मिनबहादुर शाहीले आगामी प्रतिनिधिसभा निर्वाचनमा आफ्नो पार्टी लोकप्रिय मतसहित पहिलो दल बन्ने दाबी गरेका छन् । शनिबार प्रेस चौतारी नेपाल कर्णाली प्रदेशले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले देशका १६५ मध्ये १६३ निर्वाचन क्षेत्रमा एमालेले उम्मेदवार उठाएको जानकारी दिए ।

उनका अनुसार आगामी निर्वाचनबाट एमालेले स्पष्ट बहुमत प्राप्त गरी सरकार गठन गर्नेछ । शाहीले पार्टी अध्यक्ष केपी शर्मा ओली झापा-५ बाट अत्यधिक मतसहित विजयी हुने दाबी गर्दै विगतका काम र जनसमर्थनका आधारमा एमाले उम्मेदवारहरू सफल हुने बताए ।

देशभर अधिकांश क्षेत्रमा एमालेले एक्लै प्रतिस्पर्धा गरेको उल्लेख गर्दै उनले कर्णाली प्रदेशमा रुकुम पश्चिमबाहेक अन्य जिल्लामा गठबन्धन गरिएको भन्ने हल्ला निराधार रहेको स्पष्ट पारे ।

सामाजिक न्यायसहित लोकतन्त्र सुदृढ गर्ने लक्ष्यसहित एमाले अघि बढिरहेको दाबी गर्दै उनले मतदातालाई विवेकपूर्ण निर्णय लिन आग्रह गरे । निर्वाचनको पूर्वसन्ध्यामा मतदाताको मनोविज्ञान प्रभावित पार्ने गतिविधि नगर्न सबै पक्षलाई सचेत गराउँदै शाहीले स्वच्छ, निष्पक्ष र धाँधलीरहित चुनावका लागि सरकार गम्भीर हुनुपर्ने बताए ।

मतपेटिकाको सुरक्षाका विषयमा उनले विगतका अभ्यासअनुसार सुरक्षा निकायले जिम्मेवारी वहन गर्नुपर्ने धारणा राखे । युवालाई संगठित गर्ने नीति अवलम्बन गरेको उल्लेख गर्दै शाहीले जेन-जीका मुद्दामा एमालेको फरक मत नरहेको तर त्यसको नाममा हिंसात्मक गतिविधि स्वीकार्य नहुने बताए ।

एमालेप्रति युवाहरूको समर्थन घटेको भन्ने दाबी गलत रहेको उनको भनाइ छ । त्यसैगरी द्यद्यक्र ले हालै सार्वजनिक गरेको डकुमेन्ट्रीप्रति संकेत गर्दै उनले निर्वाचनको समयमा यस्ता सामग्रीले मतदाताको मनोविज्ञान प्रभावित गर्न सक्ने टिप्पणी गरे । सञ्चारमाध्यमप्रति विश्वास व्यक्त गर्दै उनले मतदानलाई असर पार्ने खालका सामग्री प्रकाशन-प्रसारण नगर्न आग्रह गरे ।

निर्वाचन सुरक्षाको तयारी तीव्र



काँक्रेबिहार संवाददाता
सुर्खेत, १६ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै कर्णाली प्रदेशका विभिन्न निर्वाचन क्षेत्रमा सुरक्षा तयारी र अनुगमनलाई तीव्र बनाइएको छ । निर्वाचनलाई मर्यादित, व्यवस्थित र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यका साथ कर्णाली प्रदेश प्रहरी प्रमुख (डीआईजी) जयराज सापकोटाले सुर्खेतस्थित विभिन्न प्रहरी इकाइ तथा निर्वाचन सुरक्षासँग सम्बन्धित संरचनाको स्थलगत निरीक्षण गरेका छन् ।

अनुगमनका क्रममा उनले प्रहरी कार्यालयहरूको सुरक्षा अवस्था, जनशक्ति परिचालन, आवश्यक उपकरण तथा प्राविधिक तयारीबारे विस्तृत जानकारी लिएका थिए । साथै, निर्वाचनमा खटिएका प्रहरी कर्मचारीलाई अनुशासन, निष्पक्षता र उच्च सतर्कता अपनाउन निर्देशन दिँदै स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न जोड दिएका छन् ।

निर्वाचनको माहोल उच्च बिन्दुमा पुगेको अवस्थामा शान्ति सुरक्षामा असर पर्ने कुनै पनि गतिविधि हुन दिनु हुँदैन, उनले निर्देशन दिँदै नागरिकको सुरक्षा र अमनचयन कायम राख्न सुरक्षा निकाय अहोरात्र परिचालित रहनुपर्ने बताए ।

उनले शान्ति सुरक्षालाई प्रभावित गर्ने सम्भावित गतिविधिमाथि कडा निगरानी राख्न समेत निर्देशन दिएका छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय का सूचना अधिकारी (एसएसपी) रामप्रकाश शाहका अनुसार मतदाताले सुरक्षित महसुस गर्ने वातावरण निर्माणका लागि सुरक्षा रणनीति प्रभावकारी बनाइएको छ । विभिन्न निकायबीच समन्वय सुदृढ गर्न पनि अनुगमनलाई प्राथमिकता दिइएको उनले जानकारी दिए । अनुगमन टोलीले निर्वाचन स्थलको भौतिक सुरक्षा, मतपत्र र मतपेटिकाको संरक्षण तथा मतदानका दिन अपनाइने विशेष सुरक्षा सतर्कताबारे आवश्यक निर्देशनसमेत दिएको बताइएको छ ।

राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता हुँदै



काँक्रेबिहार संवाददाता
कोहलपुर, १६ फागुन

बाँकेको कोहलपुरलाई क्रिकेटमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने उद्देश्यले पहिलो पटक 'कोहलपुर प्राइड लिग' राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता आयोजना गरिने भएको छ । फागुन २८ गतेदेखि चैत ४ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको तयारी तीव्र पारिएको कोहलपुर स्पोर्ट्स एकेडेमी का सञ्चालक तथा संयोजक विनायक गिरीले जानकारी दिए ।

उनका अनुसार कोहलपुरमा पहिलोपटक राष्ट्रिय स्तरको टी-२० प्रतियोगिता आयोजना हुन लागेकोले स्थानीय खेलाडी र खेलप्रेमी उत्साहित छन् । यस प्रतियोगिताले क्षेत्रीय स्तरमा क्रिकेटको विकासमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरिएको छ । संयोजक गिरीका अनुसार प्रतियोगितामा देशका शीर्ष ६ टोलीको सहभागिता रहनेछ। प्रत्येक टोलीमा कम्तीमा तीन जना राष्ट्रियस्तरका खेलाडी अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रतियोगिताका सबै खेलको प्रत्यक्ष प्रसारण गरिने र व्यवस्थापनलाई उच्चस्तरीय बनाउने तयारी भइरहेको पनि उनले बताए । हालै प्रतियोगिताको आधिकारिक 'क्याम्पा' ब्रान्डको लोगो सार्वजनिक गरिएको छ । लोगो सार्वजनिक गर्दै कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्णप्रसाद आचार्यले कोहलपुरमा राष्ट्रिय स्तरको प्रतियोगिता हुन लागेकोमा खुशी व्यक्त गरे ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान एलबी क्षेत्री ले प्रतियोगिताले कोहलपुरको क्रिकेट विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै यस्ता प्रतियोगिताले नयाँ प्रतिभा पहिचान र प्रोत्साहनमा सहयोग पुग्ने बताए । कोहलपुर प्राइड लिग' कोहलपुर-११ स्थित प्रस्तावित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सञ्चालन हुनेछ ।

वीरेन्द्रनगर नगपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

फोहोर व्यवस्थापनमा पालिकाबासीको भूमिका

- बजार जाँदा कपडाको झोला लिएर जाऔँ,
- प्लास्टिक झोला प्रयोग नगरौं ।
- सकेसम्म कम प्याकेजिङ्ग भएका वस्तुहरूको प्रयोग नगरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाडामा जम्मा गरौं ।
- घरमा जम्मा भएका कुहिने फोहोरलाई घरमै कम्पोष्ट बनाऔं ।
- प्लास्टिक, कागज, धातु ,सिसा, जस्ता नकुहिने फोहोरलाई बेचेर आम्दानी बढाऔं ।
- फोहोरलाई जथाभावी नफाली जम्मा गरेर राखेको फोहोर संकलन गर्ने संस्थालाई दिऔं ।

संस्थागत भूमिका

- आफ्नो कार्यालय, पसल, विद्यालय वा संस्थामा प्रयोग हुने कागज तथा प्लाष्टिकलाई संकलन गरी कवाडलाई बेच्ने बानी बसालौं र कुहिने फोहोरलाई कम्पोष्ट बनाऔं ।
- सामानलाई पुनः प्रयोग गर्ने बानी बसालौं, यसले फोहोर घटाउन मद्दत गर्दछ ।

समुदायको भूमिका

- आफ्नो सामुदायलाई पुनः प्रयोग योग्य वस्तु तु संकलन गर्ने प्रणाली शुरु गरौं ।
- जथाभावी फोहोर नफाली र फोहोर व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहन गरौं ।
- आफ्नो सामुदाय वा छिमेकका विद्यालयहरुलाई वातावरण क्लब गठन गरी फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रम गर्न प्रोत्साहन गरौं ।
- पालिकाद्वारा पाक्षीक रूपमा आयोजना गरिने पालिका सरसफाई र हरियाली प्रवर्धन कार्यक्रममा सहभागी बनौं ।
- प्रत्येक टोल विकास संस्थाले साप्ताहिक रूपमा सरसफाई कार्यक्रम आयोजना गरी सबैलाई सहभागी बनाऔं ।

जनहितमा जारी सन्देश !

"रासायनिक विषादीका नकारात्मक असरहरूबारे सचेत रहौं,
मानव स्वास्थ्य र वातावरणलाई बचाऔं

१. रासायनिक विषादीको प्रयोगबाट मानव स्वास्थ्यमा तत्कालिन र दीर्घकालीन असर देखा पर्ने हुन्छ ।

मानव स्वास्थ्यमा तत्काल देखीन सक्ने असरहरू

टाउको दुख्नु, रिगंटा लाग्नु, वाकवाकी लाग्नु, छाती दुख्नु, पेट बटारिनु, पखाला लाग्नु, अनिद्रा, छाला फुट्नु वा चिलाउनु, फोका आउनु, आँखा रातो हुनु वा पोल्नु, आँसु बहनु, सिगान बगिरहनु, शरीर झमझमाउनु वा पोल्नु आदि ।

मानव स्वास्थ्यमा देखिने दीर्घकालीन असरहरू

एलर्जी, पक्षघात, प्रजनन् क्षमतामा कमी, बाँझोपन वा नपुंशकता, श्वास प्रश्वास सम्बन्धी दीर्घ रोगहरू, कलेजो सम्बन्धी समस्या, मानसिक असन्तुलन, वशाणुगत परिवर्तन, क्यान्सर, अस्वस्थ बच्चाको जन्म हुने आदि ।

२. **वातावरणमा देखीने नकारात्मक असरहरू**

- उपयोगी मित्रजीव तथा फाइदाजनक जीवहरूको विनाश,
- खाद्य चक्र (Food cycle) प्रणाली र कृषि पारिस्थितिकी प्रणालीमा असन्तुलन,
- माटो, हावा, पानी लगायत बोटविरूवा प्रदुषित बनाउने,
- माटोको उर्वराशक्ति र जैविक विविधताको ह्रास गराउने ।

खाद्य सुरक्षा उन्मुख अगानिक कृषिका अधारहरू तयर गरौं,
विशिष्टीकृत कृषि तथा सहकारी विकासबाट समृद्ध कर्णाली प्रदेश निर्माण गरौं,

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कर्णाली पदेश
वीरेन्द्रनगर, सुर्खेत

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)